# सूचना ! सूचना !! सूचना !!!

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३ को उपदफा (३) मा यो ऐन प्रारम्भ हुनु अघि शाखा उद्योगको रूपमा स्थापना भएका उद्योगले यो ऐन प्रारम्भ भएको एक वर्षभित्र यस ऐन बमोजिमको प्रकृया पूरा गरी छुट्टै उद्योगको रूपमा दर्ता गराउनु पर्नेछ, सोही दफाको उपदफा (४) मा कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थानभन्दा फरक स्थानवाट उत्पादन गर्न चाहेमा वा उपदफा (३) बमोजिमको म्यादभित्र छुट्टै उद्योगको रूपमा दर्ता हुन नचाहने उद्योगले त्यस्तो शाखा उद्योगलाई इकाइ उद्योगको रूपमा स्थापना गरी संचालन गर्न सक्नेछ र सोही दफाको उपदफा (५) मा उपदफा (४) बमोजिम इकाइको स्थापना गर्दा यस ऐन बमोजिम दर्ता बाहेक नयाँ उधोग स्थापना गरे सरहको प्रकृया पूरा गर्नु पर्नेछ भन्ने व्यवस्था भएअनुसार ऐन जारी भएको अवधि मिति २०७७।१०।२७ मा १ वर्ष पुग्ने भएकोले इकाइ उद्योगको रुपमा वा छुट्टै उद्योगको रुपमा परिणत हुनका लागि आवेदन गर्न छुट भएका उद्योगहरुलाई तोकिएको मिति(२०७७/१०/२७ ) भित्रै यस विभागमा आवेदन गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

उद्योग विभाग,
त्रिपुरेश्वर,काठमांडौ।